संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

# प्रेस विज्ञप्ति – २०६५ मङ्सिर १३

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले बलपूर्वक बेपत्ता पार्ने घटनाका सम्बन्धमा नेपालले आफ्ना दायित्वहरूको उल्लङ्घन गरेको पायो

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले बलपूर्वक बेपत्ता पार्नेसम्बन्धी एउटा घटनामा नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर)अन्तर्गतका आफ्ना दायित्वहरूको उल्लङ्घन गरेको पाएको छ।

तत्कालीन शाही नेपाली सेनाका कर्मचारीद्वारा सन् २००२ मा बाग्लुङ जिल्लामा बेपत्ता पारिएको भनिएका सूर्यप्रसाद शर्माको घटनालाई श्री शर्माकी पत्नीका तर्फबाट गैरसरकारी संस्था एड्भोकेसी फोरमद्वारा सो मानवअधिकार समितिमा लगिएको थियो।

नेपालले यस उजुरीलाई मान्यता दिन मिल्दैन भनी जिकिर गर्‍यो तर उजुरीमा भएका कुनै पनि आरोपको जवाफ दिएन।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय), नेपाल यस घटनासम्बन्धी २०६५ कात्तिक २१ गते सार्वजनिक गरिएका मानवअधिकार समितिका रायहरू (Views)को स्वागत गर्दछ। सो समितिले नेपालले श्री शर्मालाई एकान्त थुनामा राखिएकाले आईसीसीपीआरको धारा ७ (यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको भागी नहुन पाउने अधिकार) उल्लङ्घन गरेको; न्यायाधीशसमक्ष नल्याइएको तथा आफ्नो थुनालाई चुनौती दिने अवसरबाट वञ्चित गरिएको हुनाले धारा ९ (स्वेच्छाचारी थुनाबाट स्वतन्त्र हुनपाउने अधिकार)को उल्लङ्घन गरेको र निजलाई बलपूर्वक बेपत्ता पारिएको हुनाले धारा १० (मानवता तथा सबै व्यक्तिको अन्तर्निहित मर्यादाको सम्मानसहित व्यवहार गरिन पाउने अधिकार) उल्लङ्घन गरेको पायो। नेपाल त्यो घटनाको समुचित तरिकाले अनुसन्धान गर्न तथा बेपत्ता पार्ने कार्यका लागि जिम्मेवारहरूलाई जवाफदेही बनाउन विफल भएकाले सो समितिले धारा २ को पनि उल्लङ्घन भएको ठान्यो।

त्यस्ता कार्यले श्री शर्माका अधिकारमात्र नभई उनको परिवारको अधिकारसमेत उल्लङ्घन गरेको भनी सो समितिले स्वीकार गर्‍यो।

यस घटनामा श्री शर्मालाई बेपत्ता पार्ने कार्य तथा उनको अवस्थासम्बन्धी एक पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्ने, उनी जीवितै भए उनको अविलम्ब रिहाई, अनुसन्धानबाट पर्याप्त जानकारी तथा पर्याप्त क्षतिपूर्ति दिनुपर्ने प्रावधानलगायतका प्रभावकारी न्यायिक उपचार उपलब्ध गराउनुपर्ने आफ्ना दायित्वहरूबारे समितिले नेपाललाई स्मरण गरायो। समितिका रायहरू (Views)लाई कार्यान्वयन गर्न आफूले अपनाएका उपायहरूबारे यस समितिलाई १८० दिनभित्र प्रतिक्रिया दिन नेपाललाई अनुरोध गरिएको छ।

बलपूर्वक बेपत्ता पार्ने कार्यबारे थप जानकारीका लागि यसैसाथ संलग्न गरिएको *जानकारीपत्र* हेर्नुहोस्।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**